म.प.बै.सं. ४।०८१

**संवत् २०८१ साल जेठ १३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सभाको तेस्रो अधिवेशन आव्हान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. वन तथा वातावरण मन्त्रालयः मधेश प्रदेशको धनुषाधाम वन संरक्षण क्षेत्रभित्र प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको समन्वय र सहकार्यमा प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी प्रदेशस्तरीय प्राणी उद्यान स्थापना र संचालन गर्न नेपाल सरकारलाई सिफारिश गर्न सहमति प्रदान गर्ने।

३. वन तथा वातावरण मन्त्रालयः प्रदेश वन नियमावली, २०८१ स्वीकृत गर्ने।

४. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः विशेष परिस्थिति घोषणा गर्ने।

म.प.बै.सं. ५।०८१

## संवत् २०८१ साल जेठ २५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

(क) बाँझो जग्गालाई उपयोग गरी नमूना कृषि विकास मोडेल लागू गर्न कृषि समूह सहकारी वा निजी साझेदारीमा एक पालिका एक कृषि उत्कृष्टता केन्द्र तयार गर्ने ।

(ख) मधेश प्रदेशका प्रत्येक जिल्लामा नमुनाको रुपमा एक/एक वटा खुला शैक्षिक पार्क तयार गर्ने ।

(ग) मधेश प्रदेशको तथ्याङ्कलाई भरपर्दो र विश्वशनिय बनाउन आफ्नै डिजिटल तथ्याङ्क बैंक स्थापना गर्ने ।

(घ) वैदेशिक रोजगारबाट सिप सिकेर फर्केका जनशक्तिको रोस्टर निर्माण गरी श्रम बैंकको रुपमा परिचालन गर्दै सिपलाई रोजगार संग जोड्ने ।

(ङ) दिगो मधेश विकासको योजना तयार गरी स्वदेशि एवं वैदेशिक लगानी आकर्षण गर्न मधेश प्रदेश लगानी सम्मेलनको आयोजना गर्ने ।

(च) मधेशमा सुशासनको जग स्थापित गर्न खोजमूलक पत्रकारितालाई प्रबर्द्धन गर्दै प्रदेश सरकार र मिडिया साझेदारी कार्यक्रम संचालन गर्ने एवं मधेशमा दर्ता भएका मिडियामा कार्यरत पत्रकारको दुर्घटना बिमा गर्ने।

(छ) मधेशको खेल क्षेत्रलाई गतिशील बनाउन प्रदेशको गौरवको आयोजनाको रुपमा रंगशाला निर्माण गर्ने र खेलाडीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।

म.प.बै.सं. ६।०८१

## संवत् २०८१ साल जेठ २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. अर्थ मन्त्रालयः मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८१ स्वीकृत गर्ने।

म.प.बै.सं. ७।०८१

**संवत् २०८१ साल जेठ ३२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. अर्थ मन्त्रालयः पूर्व बजेट छलफल (सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु) प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।